## नेपालको इतिहास

# (१) एकाइ-६ नेपालको प्राचीन इतिहास

Century Page: / Date:

## # अभ्यास

क) नेपालको प्राचीन इतिहासका महत्वपूर्ण पक्षहरू बुँदागत रुपमा लेख्नुहोस्-।

→ नेपालको प्राचीन इतिहासका महत्वपूर्ण पक्षहरू बुँदागत रुपमा निम्न रहेका छन्-:-

- नेपाल अत्यन्तै प्राचीन इतिहास बोकेको गौरवशाली राष्ट्र हो। यसको इतिहास मानव जातिको उत्पत्तिसँग जोडिएको छ।
- नेपालको प्राचीन कालको केन्द्र काठमाडौं उपत्यका थियो। जनकपुर क्षेत्रमा मिथिला र लुम्बिनी क्षेत्रमा कपिलवस्तु नामका राज्यहरू थिए।
- नेपाललाई सत्ययुगमा सत्यवती त्रेतायुगमा तपोवन र द्वापर युगमा मुक्ति-सोपान नामले सम्बोधन गरिन्थ्यो। कलियुगमा आएरमात्र यसलाई नेपाल भन्न थालियो।
- नेपाल विभिन्न ऋषिमुनिहरूको तपोभूमि रहेको थियो। वाल्मीकि, कपिल, आदि महर्षिहरूले नेपाललाई ज्ञान र ध्यानको केन्द्र बनाएका थिए।
- प्राचीन कालको काठमाडौं उपत्यकामा क्रमश: गोपाल, महिषपाल, किरात तथा लिच्छविवंशले सभ्यताको जग बसाएका थिए।

ख) नेपाल उपत्यकाको उत्पत्ति र नामकरणका सम्बन्धमा भाषागत आधार उल्लेख गर्नुहोस्-।

→ नेपाल उपत्यकाको उत्पत्ति र नामकरणका सम्बन्धमा भाषागत आधार निम्नानुसार उल्लेख गरिएको छ:-

- 'नेपाल' पौराणिक किराती शब्द 'नेपा' को संस्कृतिक रुप हो। र किराती र नेवारी भाषामा 'ने' को अर्थ 'मध्य' र 'पा' को अर्थ 'देश' भन्ने हुन्छ, यस आधारमा 'नेपा' भनेको 'मध्यदेश' हो र 'नेपा' मा 'ल' प्रत्यय लागेर नेपाल नाम रहेको पाइन्छ।
- तिब्बती भाषामा 'ने' को अर्थ 'घर' र 'पाल' को अर्थ 'ऊन' हुन्छ, यसैगरी भेडापालन बढी भएकाले नेपालबाट ऊन र ऊनी कपडा विदेशमा निर्यात हुन्थ्यो। त्यसैले ऊनको घर अर्थात ऊन हुने ठाउँका रुपमा यो क्षेत्रको नाम नेपाल रहन गएको देखिन्छ।
- लेप्चा भाषामा 'ने' को अर्थ 'पवित्र' र 'पाल' को अर्थ गुफा हुन्छ, यसरी नेपाल भन्नाले पवित्र गुफालाई बुझाउँछ।
- लिम्बु भाषामा नेपालको अर्थ समतल भूमि भन्ने हुन्छ, पहाडी खण्डमा रहेको मैदानी उपत्यका भएकाले यसको नाम नेपाल रहन गएको देखिन्छ।
- लामा धर्मग्रन्थमा 'ने' को अर्थ पवित्र स्थान हो र तामाङ भाषा अनुसार

CS CamScanner

नेपाल पुण्य भूमिका रूपमा नेपाल नाम रहन गएको कमिन्छ।

ग) गोपाल, महिषपाल र किरातकालको आर्थिक सामाजिक अवस्थाको चित्रण गर्नुहोस्।

→ प्राचीन कालको गोपाल, महिषपाल, किराती शासन व्यवस्थाको आर्थिक तथा सामाजिक अवस्था त्यति प्रस्ट छैन तैपनि त्यसबेलाको तथ्यका आधारमा निम्नानुसार उल्लेख गर्न सकिन्छ। गोपालवंश शासनको मुख्य आर्थिक क्रियाकलाप पशुपालन थियो र मुख्य पेशा कृषि थियो। काठमाडौं उपत्यकाको पानी बाहिर निस्किसपछि यो ठाउँ प्रशस्त ~~माटिया~~ मलिलो र वनस्पतिले भरिपूर्ण हुनपुग्यो जसका कारण यहाँका बासिन्दलाई गाइ पाल्ने र कृषि व्यवस्था गर्दथे। र समाज जातीय विभाजनमा आधारित थियो, शिक्षा र साक्षरतामा कमी थियो र करको व्यवस्था थियो। महिषपाल वंशका जस्तै थियो, पशुपालन र उत्पादनको केही हिस्सा राजा वा प्रमुखलाई करको रूपमा ~~दिनुपर्थ्यो~~ दिनुपर्थ्यो। साधन-सम्पत्तिको असमान वितरण - केही धनी परिवारको नियन्त्रणमा जमिन र पशु थिए, समाज जातीय विभाजनमा आधारित थियो।

किरात कालमा मानिसहरु कृषि, पशुपालन र सिकार गर्थे। यस किरात कालमा जातिप्रथा थिएन। यी तीनै कालमा घरेलु उद्योगबाट आवश्यक वस्तु तयार पारिन्थ्यो। तत्कालीन समाज हिन्दु परम्परामा आधारित थियो र हिन्दु परम्परा अनुसारको विभिन्न चाडपर्वहरु मनाइन्थ्यो।

② (लिच्छवि काल)



क) लिच्छविकाललाई किन स्वर्ण युग मानिन्छ?

→ लिच्छविकाललाई स्वर्ण युग (सुनौलो युग) मान्ने कारणहरू निम्नानुसार छन्:

- सङ्गठित जनजीवन,
- उन्नत आर्थिक अवस्था,
- शिक्षाको स्तर राम्रो हुनु,
- आकर्षक कलाकृतिको निर्माण हुनु।

ख) लिच्छविकालीन आर्थिक अवस्थाको चर्चा गर्दै हालका पुस्ताले त्यसबाट केके कुरा सिक्नु पर्दछ? उल्लेख गर्नुहोस्।

→ लिच्छविकालीन आर्थिक अवस्थाको बारे तल उल्लेख गरिएको छ:-

- लिच्छविकालमा पशुपालन र कृषि व्यवसाय प्रमुख रूपमा चलेको थियो।
- खेती र मानवबस्तीका लागि कुलो, नहर निर्माण गरिएको थियो।
- जमिनको उब्जनी हेरेर कर उठाउने गरिन्थ्यो।
- यो समयमा उरद् तथा तोरी पेल्ने, कपडा बनाउने, हात हतियार तथा भाँडा बनाउने आदि साना तथा घरेलु उद्योगहरू सञ्चालनमा थिए।
- यस समयमा कर व्यवस्था सुदृढ थियो।

→ लिच्छविकालको आर्थिक अवस्थाबाट हालको पुस्ताले सिक्ने कुराहरू:-

- कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित गर्नुपर्छ।
- खेतीका लागी कुलो तथा नहरको विस्तार गर्नुपर्छ।
- जहाँ जस्तो प्रकारको स्रोतसाधन उपलब्ध हुन्छ, त्यहाँ त्यस्तै घरेलु उद्योग सञ्चालनमा गर्नुपर्छ।
- देशभित्र उद्योगको विस्तार गरी आत्मनिर्भर बन्न सक्नुपर्छ।

- व्यापार र वैदेशिक सम्बन्ध: तिब्बत र भारतसँग व्यापार र कूटनीतिक सम्बन्ध थियो। आजपनि अन्तर्राष्ट्रिय सम्बन्ध सन्तुलित राख्नुपर्ने सन्देश दिन्छ।
- कर र प्रशासनको व्यवस्थित प्रणाली: कर संकलन, जमिन मापन र अभिलेख राख्ने व्यवस्था थियो। आज पनि पारदर्शी कर प्रणाली आवश्यक हुन्छ भन्ने कुरा सिकाउँछ।

ग) लिच्छविकालीन इतिहासबाट हालका पुस्ताले के के कुरा सिक्न सक्छन्? सूची तयार गर्नुहोस्।

→ नेपालको इतिहासमा लिच्छविवंशको शासनकाललाई निकै महत्वपूर्ण मानिन्छ। लिच्छविहरूले नेपालमा करिब ३५० वर्ष शासन गरेको अनुमान छ। यस समयमा सङ्गठित जनजीवन, सुदृढ आर्थिक अवस्था, राम्रो शिक्षाको स्तर भएका कारण यस समयलाई स्वर्ण युग पनि भनिएको छ। त्यसैले यस समयमा भएका राम्रा कुराहरूबाट आजका पुस्ताले धेरै कुराहरू सिक्न सक्छन्। ती यसप्रकार छन्:-

१) लिच्छविकालिन शासकहरु जनताको भावना अनुरुप शासन गर्थे र जनप्रिय थिए जसबाट आजका पुस्ताले जनताको भावनालाई कदर गरी असल नेतृत्वदायी भूमिका निर्वाहको लागि आवश्यक पर्ने ज्ञान सिक्न सक्छन्।
२) लिच्छविहरु धार्मिक रुपमा सहिष्णु थिए र सबै धर्मको प्रति सम्मान गर्थे जसबाट आजको पुस्ताले समाजमा धार्मिक सहिष्णुतापूर्ण व्यवहार गर्न सिक्न सक्छन्।
३) लिच्छविकालमा समाज सुधारका धेरै कामहरु भएका थिए जसबाट आजको पुस्ताले आफ्नो समाज विकासका तर्फमा गर्न सक्छन्।
४) लिच्छविकालमा व्यापार, व्यवसाय निकै व्यवस्थित थियो र समाज आर्थिक रुपमा सम्पन्न थियो। जसबाट आजका पुस्ताले पनि सिकी उत्पादन वृद्धि गरी समाजलाई आर्थिक रुपमा सम्पन्न बनाउन सक्छन्।

७) लिच्छविकालिन राजाहरु र तिनका कार्यहरु झल्कने तालिका तयार पारी कक्षामा प्रदर्शन गर्नुहोस्।

→ लिच्छविकालिनका केही राजाहरुले गरेका महत्वपूर्ण कार्यहरु निम्नानुसार छन्:-

- सुपुष्पदेव ; पशुपतिनाथ मन्दिरमा सुनको छाना र गजुर हल्न लगाएका थिए।
- वृषदेव ; चाबहिल चैत्यको निर्माण।
- धर्मदेव ; मानदेवका पिता, पशुपतिमा ठूलो ध्वजा चढाएको।
- मानदेव ; चाँगु नारायणमा गरुड स्तम्भ राखी शिलालेख स्थापना, मानाङ्क नामक धातु मुद्राको प्रचलन, मानगृहको निर्माण आदि।

# ३ (मध्यकालीन राजनीतिक अवस्था)

१क) यो वर्ष नेपाल संवत कति हो?
→ यो वर्ष नेपाल संवत ११४६ हो।

मध्यकालीन इतिहासबाट हामीले के के सिक्न सक्छौं
~~१ख) मध्यकालीन इतिहासबाट हामीले के के सिक्न सक्छौं?~~
→ ~~मध्यकालीन इतिहासबाट हामीले सिक्न~~ कुराहरू निम्नानुसार छ :-
१) जयस्थिति मल्लले पेसागत हकहितको संरक्षण र घर, जमिन वर्गीकरण गर्ने र कुनैपनि पोशाक व्यवस्था, माना, पाथी, ढक तराजुमा सुधार, जातिय पेसा, पहिरनको व्यवस्था आदि कार्य गरेका थिए।
२) रत्न मल्लले तामाको मुद्रा प्रचलन, तलेजु मन्दिर निर्माण आदिकार्य गरे
३) महेन्द्र मल्लले उपत्यकामा चाँदीको मोहर चलाएका थिए।
४) प्रताप मल्लले रानीपोखरीको निर्माण गरे र गाइजात्राको चलन चलाए।

ख) मध्यकालीन इतिहासबाट हामीले के के सिक्न सक्छौं?
→ मध्यकालिन इतिहासबाट हामीले सिक्ने कुराहरू निम्नानुसार छन् :-
- आफ्नो मौलिक भाषा, धर्म, संस्कृतिलाई भुल्नु हुँदैन।
- हाल हाम्रो समाजमा रहेका कुप्रथा विरुद्ध आवाज उठाउनुपर्छ।
- स्थानीय स्रोतसाधनको उपयोग गरी घरेलु उद्योग सञ्चालन गर्नुपर्छ।
- राज्य टुक्रिने खतराबाट सबैजना सचेत रहनुपर्छ।
- प्रदेशहरू बिचको सम्बन्धलाई प्रगाढ बनाउनुपर्छ।

घ) पूर्व मध्यकालीन कालमा उपत्यकाको राजनीतिक अवस्था कस्तो थियो?
→ पूर्व मध्यकालीन कालमा उपत्यकाको राजनीतिक अवस्थालाई तल बुँदामा देखाइएको छ :-
१) वि.सं. १२५८ सम्म लिच्छवि शासन कमजोर हुँदा उपत्यकामा राजनीतिक अस्थिरता बढ्यो।
२) यही कमजोरीको फाइदा उठाउँदै अरि मल्लले सत्ता लिँदा मल्ल वंशको उदय सुरु भयो।
३) अभय मल्लमार्फत प्रारम्भिक मल्ल राजाले आफ्नो राजनीतिक ~~पकड~~ पकड मजबुत गर्न प्रतिस्पर्धात्मक शक्ति विस्तार गरे।
४) जयस्थिति मल्लले प्रशासन कर, न्याय, भूमि र सामाजिक व्यवस्था सुधार गर्दै केन्द्रीय शासनलाई कडा बनाए।
५) उनका छोराहरूको संयुक्त शासनले स्थिरता कायम गर्न खोजे तर आन्तरिक प्रतिस्पर्धा बढेको रह्यो।

CamScanner

६) जयस्थिति मल्ल र राजा महेन्द्र मल्लबाट वर्तमानका राज्य सञ्चालकहरूले के के राम्रा कुरा सिक्नु पर्छ? उल्लेख गर्नुहोस्।

→ जयस्थिति मल्ल र राजा महेन्द्र मल्लबाट वर्तमानका राज्य सञ्चालकहरूले सिक्नुपर्ने कुरा निम्नानुसार छन् :-

१) प्रशासन, कर, न्याय र सार्वजनिक सेवामा स्पष्ट प्रणाली बनाउन जयस्थिति मल्लको शैली आजको नेतृत्वले अपनाउनै पर्छ।

२) जयस्थिति मल्लले जस्तै आजका सञ्चालकले कानुन सबैमा बराबरी लागू गर्ने कडाइ सिक्नुपर्छ।

३) राज्यस्वार्थलाई निजी स्वार्थभन्दा अगाडि राख्ने सोच दुवै राजाबाट सिक्नैपर्ने मुख्य कुरा हो।

४) आर्थिक स्रोतको दुरुपयोग रोक्ने कडा अनुशासन आजका शासकमा स्पष्ट रूपमा अभाव छ, यो उनीहरूले सिक्नुपर्छ।

५) आन्तरिक एकता र सहकार्यलाई प्राथमिकता दिने महेन्द्र मल्लको अभ्यास आजको विभाजित नेतृत्वले सिक्नै पर्छ।

* मध्यकालीन नेपालको राजनीतिक अवस्था :

मध्यकालीन नेपाल मुख्य रूपमा मल्लकालले चिनिन्छ। यस समयमा सुरुमा शासन व्यवस्था सुदृढ र व्यवस्थित थियो। मल्ल राजाहरूले प्रशासन, कर, सेना र न्याय प्रणालीलाई मजबुत बनाए। काठमाडौं उपत्यकामा कान्तिपुर, भक्तपुर र ललितपुर जस्ता सहरहरू विकास भए।

तर पछि नेपाल मण्डल तिन राज्यमा विभाजित भएपछि मल्ल राजाहरूबिच आपसी द्वन्द्व र युद्ध बढ्यो। यसले राज्य कमजोर बनायो र राष्ट्रिय एकता घटायो। यही आपसी फुटको फाइदा उठाएर पृथ्वीनारायण शाहले उपत्यका विजय गरेर मल्ल शासनको अन्त्य भयो।

(४) (मध्यकालीन आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था)

क) पाठमा उल्लिखित महेन्द्रमल्लको शासनबाट आजका उद्योगी व्यवसायीले के सिक्न सक्छन्?

→ पाठमा उल्लिखित महेन्द्रमल्लको शासनबाट आजका उद्योगी व्यवसायीले सिक्न सक्ने कुराहरू निम्न छन्:-

१) एउटै किसिमको उत्पादनमा अडिनु जोखिमपूर्ण हो, विविधता र सुधार आवश्यक छन्।

२) गुणस्तरलाई प्रमाणित रूपमा सुनिश्चित गर्नुपर्छ।

३) बजार बुझेर विस्तारको योजना बनाउनुपर्छ, अनुमानमा भरपर्नु खतरा छ।

४) आत्मविश्वास देखाउन भने पनि आधारहीन योजनाले व्यवसायलाई डुबाउँछ। यथार्थपरक रणनीति अनिवार्य हुन्छ।

ख) नेपालको मध्यकालीन आर्थिक अवस्था निकै सुदृढ देखिन्छ। नेपालको हालको आर्थिक अवस्थासँग तुलना गर्दै यसलाई अझ सुदृढ बनाउन के गर्नुपर्ला, लेख्नुहोस्।

→ नेपालको मध्यकालीन आर्थिक अवस्था र हालको आर्थिक अवस्थाबिच तुलना:-

१) मध्यकालीन अर्थतन्त्र उत्पादनमुखी थियो, कृषि हस्तकला, व्यापार र कर प्रणालीले राज्य स्वावलम्बी बनाएको थियो; अहिलेको अर्थतन्त्र भने आयातमा निर्भर, उत्पादन कमजोर र राजस्व अस्थिर छ।

२) मध्यकालमा स्थानीय उत्पादनले बजार धान्थ्यो, आज भने विदेशी वस्तुले बजार कब्जा गरेको छ।

३) त्यसबेला शासन सरल र प्रत्यक्ष थियो, अहिलेको झन्झटिलो प्रशासनले आर्थिक गति सुस्त बनाएको छ।

यसलाई अझ सुदृढ बनाउन अपनाउनुपर्ने उपायहरू:-

१) घरेलु उत्पादनमा वास्तविक नीतिगत प्रोत्साहन दिनु: कृषि आधुनिकीकरण, उद्योग विस्तार र निर्यातयोग्य वस्तु विकासमा सिधा लगानी।

२) आयातमा निर्भरता घटाएर प्रतिस्थापन उद्योगहरू स्थापना।

३) कर प्रणाली सरल, पारदर्शी र कडाइका साथ कार्यान्वयन।

४) प्रशासनका ठेक्का र अनुमति प्रक्रियामा भ्रष्टाचार र ढिलासुस्ती कठोर रूपमा हटाउने।

Century
Page: / Date:

ग) मध्यकालीन नेपाली वास्तुकला उत्कृष्ट थियो भन्ने प्रमाण प्रस्तुत गर्नुहोस्।

→ मध्यकालमा नेपाली वास्तुकलाको विकासले सगरमाथाको उचाइ छोएको थियो। मध्यकालमा विकास भएका वास्तुकलाका प्रमाणहरू हालसम्म पनि काठमाडौं उपत्यकामा देख्न सकिन्छ, जुन निम्नानुसार छन्:-

१) मध्यकालीन समयमा यति धेरै दरबार, मन्दिर र मूर्तिहरू बने कि यहाँ आउने पर्यटकहरूले काठमाडौंको नाम नै मन्दिरको सहर राखिदिए।

२) प्रताप मल्लको शासन कालमा निर्माण भएका हनुमान ढोका दरबार तथा त्यस क्षेत्रमा निर्माण भएका विभिन्न चोकहरू वर्तमान समयमा पनि देख्न सकिन्छ।

३) प्रताप मल्लकै समयमा निर्माण भएका पाटनको हरिसिद्धि मन्दिर, शाखु वज्रयोगिनी आदि ~~ma~~ मन्दिरहरूको भूकम्प पछि पुरानै शैलीमा जीर्णोद्धार गरिएको छ।

४) सिद्धिनरसिंह मल्लले पाटनमा २१ गजुर भएको ढुङ्गै ढुङ्गाको कृष्ण मन्दिर निर्माण गराएका थिए जुन अहिले पनि देख्न सकिन्छ।

५) भूपतिन्द्र मल्लले ५५ झ्याले दरबार, भक्तपुर दरबार क्षेत्रका कलाकृति तथा अनेकौं मन्दिर र मूर्तिहरू निर्माण गराए जसले गर्दा भक्तपुरलाई कलात्मक सहर भनेर चिनिन्छ।

घ) मध्यकालीन कला तथा संस्कृतिहरू आज पनि प्रचलनमा रहेका छन्। ती के के हुन्? उल्लेख गर्नुहोस्।

→ मध्यकालमा निर्माण र विकास भएका र हालसम्म पनि प्रचलनमा रहेका केही कला तथा संस्कृतिहरू निम्नानुसार छन्:-

१) राजा प्रताप मल्लले वसन्तपुर दरबार क्षेत्र निर्माण गराएका थिए, जुन ठाउँ आज विश्व सम्पदा सूचीमा सूचीकृत रहेको छ।

२) ~~ब~~ भूपतिन्द्र मल्लले भक्तपुर दरबार क्षेत्र निर्माण गराएका थिए, भक्तपुर दरबार क्षेत्र पनि विश्व सम्पदा सूचीभित्र समावेश रहेको छ।

३) सिद्धिनरसिंह मल्लले निर्माण गराएको पाटन दरबार क्षेत्र पनि विश्व सम्पदा सूची भित्र रहेको छ।

४) मल्लकालमा गाईजात्रा, लाखेनाच, भोटोजात्रा आदि जस्ता जात्राहरू प्रचलनमा रहेका थिए। आजपनि यी जात्राहरू उस्तै किसिमले मनाउने चलन छ।

५) मल्लकालमा कर्णालीको ~~खस~~ खस ~~क~~ राज्यबाट नेपाली भाषा र संस्कृतिको विकास भएको हो। खस राज्यबाट विस्तार भएका दशैं, तिहार, गौरा पर्व, राम नवमी, कृष्ण अष्टमी, शिव रात्री आदि पर्वहरू आज पनि

अतिकै रुकसियालीका साथ मनाउने गरिन्छ।

ङ) मल्लकालीन आर्थिक अवस्था र हालको आर्थिक अवस्थाको तुलना गर्नुहोस्।

→ मध्यकालीन आर्थिक अवस्था र हालको आर्थिक अवस्थाको तुलना निम्नानुसार छन्:-

१) मध्यकालमा अर्थतन्त्र उत्पादनमुखी र स्वावलम्बी थियो अहिलेको अर्थतन्त्र अत्याधिक आयातमा निर्भर छ।

२) त्यो बेला कृषि, हस्तकला र स्थानीय उद्योग बलियो थिए, अहिले उत्पादन क्षेत्र कमजोर र अव्यवस्थित छ।

३) मध्यकालीन व्यापार आन्तरिक रूपमा सीमित थियो, अहिले बजार बाह्य आपूर्तिमा चलिरहेको छ।

४) त्यतिबेला कर प्रणाली सरल र प्रत्यक्ष थियो, अहिले कर संरचना जटिल र चुनौतीले भरिएको छ।

५) मध्यकालमा राज्यको आर्थिक आधार ठोस थियो, अहिले आर्थिक वृद्धि कमजोर र असन्तुलित छ।

च) मध्यकालीन सामाजिक ~~अव~~ अवस्था झल्कने संवाद तयार पार्नुहोस्।

→ (राम र हरि कक्षा १२ का साथी हुन्। सरले भोलि मध्यकालीन सामाजिक अवस्था पढ्दौं भनेर जानकारी दिनुभएको थियो। उनी टिफिनको खाजा खाँदै यही विषयमा कुरा गर्दैछन्।)

राम: हरि, सरले भोलि मध्यकालीन सामाजिक अवस्था पढ्न भन्नुभयो। तिमीलाई केही थाहा छ?

हरि: थोरै थाहा छ, हजुरबुबाले सुनाउनु हुन्थ्यो।

राम: अनि, त्यतिबेलाको समाज कस्तो थियो?

हरि: त्यो समयको समाज मुख्यत: वर्ण- व्यवस्थामा आधारित थियो। मध्यकालमा पटक पटकको मुसलमानहरूको आक्रमण र लडाइँबाट नेपाली समाज तहसनहस भएको थियो। यस समयमा नेपालमा जातिगत भेदभाव र छुवाछुत जस्ता गाडिको थियो।

रामः परिवार व्यवस्था कस्तो थियो त?

हरिः धेरैजसो संयुक्त परिवार थिए। सगोत्री विवाहलाई दण्डनीय गरिएको थियो।

रामः रहनसहन र खानेकुरा कस्ता थिए?

हरिः जीवन सरल थियो। तर धर्म र जातिको आधारमा फरक फरक चलन देखिन्थ्यो। खानपानमा हिन्दू बौद्ध परम्पराले धेरै असर पार्‍यो।

रामः त्यतिबेला के कस्ता जात्रा उत्सव मनाइन्थ्यो?

हरिः नाचगान धेरै लोकप्रिय थियो। उत्सव, गाईजात्रा, इन्द्रजात्रा प्रचलनमा थिए।

(घण्टी बज्छ र दुवै कक्षातिर लाग्छन्।)

(४)

(मध्यकालमा नेपालका राज्यको उदय र अवसान)

(अभ्यास)

क) मध्यकालमा राज्य टुक्रिने कारणहरू के के थिए?

→ मध्यकालमा राज्य टुक्रिने कारणहरू:-

- भौगोलिक विकटता र दूरीका कारणले गर्दा प्रशासनिक केन्द्रित राज्यका शासक आफ्नो नियन्त्रणमा राख्न नसक्नु।
- सामन्तहरू केन्द्रबाट विमुख भई सामन्तहरू शक्तिशाली हुँदै जानु र स्वतन्त्र राज्य घोषित गर्नु।
- केन्द्रका राजा महाराजाहरू आपसी फुट षड्यन्त्रका कारण कमजोर भइरहेका थिए।
- राजाका सन्तानहरूका लागि राज्यको अंशबन्डा गरिनु।

ख) नेपालमा केही राज्यहरूको अवसान कसरी भयो?

→ नेपालमा केही राज्यहरूको अवसानका कारणहरू:-

- साना राज्यहरू एकआपसमा प्रायः (अनावश्यक) युद्धमा संलग्न रहन्थे। यसले गर्दा छिमेकीसँग वैमनस्य (मनमुटाव) हुन्थ्यो।
- विभिन्न समयमा भएका एकीकरण अभियानहरू स्थायी हुन सकेनन्।
- साना राज्यका दरबारमा षड्यन्त्र र मनमुटावका कारण एक पक्ष शासन गर्थ्यो भने अर्को पक्ष गोरखालाई एकीकरणका लागि आमन्त्रण गर्थ्यो।
- ~~आपसी~~ पारिवारिक कलह।
- आपसी फुट र वैमनस्य।
- केन्द्रीय शक्ति कमजोर हुनु।

ग) इतिहासका विभिन्न कालखण्डमा पचासौँ टुक्रामा विभाजित नेपाललाई एकीकरण गर्दा र त्यसलाई सिङ्गो रूपमा टिकाइराख्न हाम्रा पुर्खाले कति मिहिनेत गर्नुपर्‍यो होला? यसको अनुमान गरेर एक कविता वा संवाद तयार पार्नुहोस्।

→ कविता

वीर पुर्खा॥

कुन पहाडले, कुन खोलाले तिम्रो गति छेक्थ्यो र
वीर पुर्खा! कुन आँधीले तिम्रो यात्रा रोक्थ्यो र
अधिक छिटो बेग तिम्रो कुन आकाशले रोक्न सक्थ्यो।
प्रेमपूर्वक रच्यौ नेपाल! पहाड तराई जोड्न सक्यौ।

पूर्व टिस्टा तिमीलाई सम्झी अझै स्वच्छ होला
पश्चिम रावी तिम्रो तिम्रो अझै रक्तधारा स्वच्छन्द होला।
काँगडा र कलङ्गाको कञ्चा माटो बोल्द होला
वीर फुरगे तिम्रो गीत गङ्गाभरि गुञ्जद होला।

डिग्रयोमा डेबतिम्रो चिसो हिउभित्र होला
बेत्रावती किनारभरि पौरखको चिनो होला
वीर फुरगे! तिमीलाई मितेरील मात्रै बाँध्यो
सागर तरी संसारभरि वीर गोरखालीको रगत बाग्यो

नका गोर्खाली नेपालीलाई कसले छेक्न सकेथ्यो र
हिमालको हिमनदी कसले रोक्न सकेथ्यो र
वीर फुरगे! तिम्रै रगत नेपालीका नसाभरि
उही गीत उही गौरव चन्द्रसूर्य ध्वजाभरि।

## (६) "आधुनिक काल"

क नेपाल एकीकरण अभियान पृथ्वीनारायण शाहबाट अरु पनि यसलाई दृष्टो मा पुर्याउन धेरै व्यक्तिहरुको योगदान रहेको छ। एकीकरण अभियानमा योगदान पुर्याउन व्यक्तिहरुको खोजी गरी सूची तयार पार्नुहोस्।

| व्यक्ति | योगदान |
|---|---|
| प्रतापसिंह शाह | कविलासपुर र सोमेश्वर गढी एकीकरण गरे। |
| बहादुर शाह | गुल्मी, अर्घाखाँची, धुरकोट, पर्वत, ढोड, प्युठान एकीकरण गरे। |
| राजेन्द्रलक्ष्मी | लम्जुङ र तनहुँ, पर्वत, कास्की, भिरकोट एकीकरण गरिन बाँके, बर्दिया, कैलाली, कञ्चनपुर एकीकरण गरे। |

ख) नेपाल एकीकरण नभएको भए के हुन्थ्यो होला? कल्पना गरी आफ्नो धारणा प्रस्तुत गर्नुहोस्।

→ नेपाल एकीकरण नभएको भए निम्नानुसारका परिस्थितिहरू आउन सक्थे:

- नेपालभित्रका साना राज्यहरू एक आपसमा लडिरहन्थे। नेपाल एउटा गटहरूकै हुने भूमि भनेर चिनिन्थ्यो होला।
- भारतमा शासन गरी बसेका अङ्ग्रेजहरू नेपाल प्रवेश गर्थे। लामो समयसम्म नेपाललाई आफ्नो गुलाम बनाएर राख्थे होला।
- नेपाल प्रथम र दोस्रो विश्वयुद्धको सिकार हुन्थ्यो। दुई ओटा विश्वयुद्धमा संसारका धेरै देशहरूले आफ्नो अस्तित्व गुमाएका छन्। सायद नेपालको हालत पनि त्यस्तै हुन्थ्यो होला।
- नेपाल एकीकरण नभएको भए आज हामी स्वतन्त्र देशका स्वतन्त्र नागरिक भएर सार्वभौम सत्ता सम्पन्न राज्यमा बाँच्न पाउने थिएनौँ।

ग) नेपाल एकीकरणमा बहादुर शाह र राजेन्द्रलक्ष्मीको योगदान चर्चा गर्नुहोस्।

→ नेपाल एकीकरणमा बहादुर शाहको योगदान:-

- पृथ्वीनारायण शाहपछि कमजोर बनेको सत्ता केन्द्रलाई पुनः कडा नेतृत्वमा सञ्चालन गरे।
- गढवाल, कुमाउँ, पाल्पा लगायत पश्चिम-उत्तरका प्रमुख राज्यहरू विजय गराए।
- सेनाको संख्या तालिम र रणनीति सुधारेर सैन्य शक्ति उच्च तहमा पुर्‍याए।
- बेलायतसँग जोखिम कम गर्ने व्यवहारिक कूटनीति अपनाए। अनावश्यक युद्धबाट नेपाल बचाए।
- एकीकरणलाई पुनः तीव्र गतिमा अघि बढाएर नेपालको भू-कक्षा विस्तार गरे।

→ नेपाल एकीकरणमा ~~राजेन्द्रलक्ष्मी~~ राजेन्द्रलक्ष्मीको योगदान:

- दरबारभित्रको गुटबन्दी र सत्ता संघर्ष दबाएर राजनीतिक स्थिरता कायम गरिन्।
- पूर्वी नेपालमा भइरहेको सैन्य अभियानहरूलाई रोक्न नदिई सक्रिय रूपमा अघि बढाइन्।
- अमर सिंह थापा जस्ता सक्षम र कठोर सैनिक नेतृत्वलाई समर्थन र उन्नति दिलाइन्।

प्रशासन र देशभरमा छुट्टै लागू नीति संविधानका लागि आवश्यक अनुशासन नभएको अहिले।
पृष्ठभूमिमा प्रभाव विदाई प्रतिरोध भवित संरचना
फेरि : औंठो संविधान प्रक्रियालाई विकासमा निम्त्यायो।

( संविधानपछिको राज्य सत्ता )

(6)

Imp 2079 क?

नेपालको आधुनिक कालको राजनीतिक इतिहासका सकारात्मक र नकारात्मक अवस्थालाई तालिकामा देखाउनुहोस्:

→ सकारात्मक पक्ष : नेपालमा प्रजातन्त्र स्थापना भएको छ र जनताले आफ्नो मत दिने अधिकार प्राप्त गरे। राजतन्त्र अन्त्य भई गणतन्त्र स्थापना भएको छ। जनसहभागिता र राजनीतिक चेतना बढेको छ। संविधान निर्माणको अनुभव बढेको छ र कानुनको शासन स्थापना भएको छ। जनताको मौलिक अधिकारको अवधारणा विकास भयो।

नकारात्मक पक्ष : राजनीतिक अस्थिरता बारम्बार देखिएको छ जसले देशको विकास ढिला गराएको छ। विभिन्न दलहरूबीचको झगडाको राष्ट्रिय हितलाई कमजोर बनाएको छ। संविधान बारम्बार परिवर्तन हुँदा राजनीतिक स्थिरता कायम हुन सकेको छैन। राजनीतिक स्वार्थका कारण विकास र जनजीवन प्रभावित भएको छ। भ्रष्टाचार र कुशासनको समाजमा असमानता बढेको छ।

ख नेपालमा प्रजातन्त्रका लागि धेरै पटक आन्दोलनहरू भए। प्रत्येक आन्दोलनका उपलब्धिहरूलाई जोगाउन नसक्दा अर्को आन्दोलन गर्नुपर्ने अवस्था आएको विगतको इतिहासले देखाउँछ।

→ नेपालमा प्रजातन्त्रका लागि धेरै पटक आन्दोलन भए तर हरेक पटकका उपलब्धि स्थायी बनाउन नसक्दा फेरी आन्दोलन गर्नुपरेको हो। अब अर्को आन्दोलन गर्नु नपर्ने अवस्था सिर्जना गर्न निम्न कुरा गर्न आवश्यक छ :

क संविधान र कानुनको सम्मान : संविधानले दिएका अधिकार र नियमलाई सबैले पालना गर्नु जरुरी छ, जब कानुन

CamScanner

सबैका लागि बराबर लागू हुँदैन, तब अनावश्यक विवाद हुन्छ।

ख) राजनीतिक स्थिरता कायम राख्नु :- दलहरूले व्यक्तिगत स्वार्थभन्दा बढी राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्छ। स्थिर सरकारले विकास र जनसेवा राम्रोसँग सञ्चालन गर्न सक्छ।

ग) जनसहभागिता बढाउनु: जनतालाई नीति निर्माण र निर्णय प्रक्रियामा सहभागी गराउनुपर्छ। जनताको आवाज सुन्ने प्रविधि र माध्यम बलियो बनाउनुपर्छ।

घ) शिक्षा र चेतना : जनतालाई लोकतन्त्र र अधिकारबारे शिक्षित बनाउनुपर्छ। जब जनताले आफ्नो अधिकार र जिम्मेवारी थाहा हुन्छ, तब उनीहरू स्वतन्त्र तर जिम्मेवार निर्णय लिन सक्छन्।

ङ) भ्रष्टाचार र कुशासन कम गर्नु : जब सरकार पारदर्शी र जवाफदेही हुन्छ, तब आन्दोलन गर्नुपर्ने अवस्था कम हुन्छ।

ख) नेपालको २४० वर्ष इतिहास बोकेको राजसंस्थाको अन्तिम राजा श्री ५ ज्ञानेन्द्र वीर-विक्रम शाहले राजगद्दी त्याग गर्नुपर्नाका कारणहरू पहिचान गर्नुहोस्।

→ राजा ज्ञानेन्द्र वीरविक्रम शाहले राजगद्दी त्याग गर्नुपर्नेका कारणहरू:-

१) २०६१ माघ १९ मा प्रत्यक्ष शासन लागु गर्नु

२) लोकतान्त्रिक अधिकार र प्रेस स्वतन्त्रतामाथि प्रतिबन्ध लगाउनु।

३) २०६२/०६३ को जनआन्दोलन-२ बाट तीव्र जनदबाव सिर्जना हुनु।

४) राजनीतिक दल र माओवादीबीच १२ बुँदे समझदारी भई राजसंस्थाविरुद्ध एकता हुनु।

५) २०६४ मा संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा हुनु।

ग) "षड्यन्त्रबाट प्राप्त शक्ति षड्यन्त्रबाट नै समाप्त हुन्छ" यस भनाईलाई नेपालको इतिहासको आधारमा प्रस्ट पार्नुहोस्।

→ "षड्यन्त्रबाट प्राप्त शक्ति षड्यन्त्रबाट नै समाप्त हुन्छ" भन्ने भनाइको अर्थ हो- छलकपट वा षड्यन्त्रमार्फत प्राप्त सत्ता टिकाउ हुँदैन, अन्ततः त्यहि किसिमको शक्ति संघर्षबाट अन्त्य हुन्छ।

१) कोत पर्व र राणा शासनको सुरुवात

- सन १८४६ मा दरबारी मित्रको षड्यन्त्र र हिंसात्मक घटनापछि जङ्गबहादुर राणा सत्तामा उक्लिए।

- यस घटनाबाट राणा शासन सुरु भयो, जसले करिब १०४ वर्ष देशमा शासन गर्‍यो।
- तर अन्तत: २००७ सालको जनआन्दोलनले यही शासनको अन्त्य गर्‍यो।

२) दरबार हत्याकाण्ड :
- २०५८ सालमा भएको रहस्यमय घटनापछि ज्ञानेन्द्र शाह राजा बने।
- जनतामा शंका र असन्तोष बढ्दै गयो।
- अन्तत : २०६२/६३ को जनआन्दोलनपछि राजतन्त्र नै समाप्त भयो।

३) राजदरबार कब्जा २०६१
- २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन सुरु गरे
- लोकतान्त्रिक अधिकार र प्रेस स्वतन्त्रतामा प्रतिबन्ध लगाइयो।
- यही क्रमले जनआन्दोलनलाई तीव्र बनायो र अन्त : २०६१ सालमा गणतन्त्र घोषणा भयो

नेपालको इतिहासले देखाउँछ कि षड्यन्त्र वा बल प्रयोगबाट प्राप्त शक्ति टिकाउ हुँदैन। जनताको चाहना, लोकतन्त्र र पारदर्शिताको आधारमा स्थापित शासन मात्र टिकाउ हुन्छ। त्यसैले यो भनाइ नेपालको इतिहासमा [redacted] साँच्चै सावित भएको देखिन्छ।

17)

आधुनिक कालको अर्थतन्त्र, कानून, संस्कृति र कलाकौशल

आर्थिक अवस्था:

- पृथ्वीनारायण शाहले तिब्बतसँगको व्यापारिक सम्बन्ध सुधार्ने प्रयास गरेका थिए। तिब्बतबाट सुन ल्याउने उद्देश्यले तिब्बतसँग व्यापार सुधार गर्ने प्रयास गरेका थिए।
- बहादुर शाहले भूमि व्यवस्था र कर प्रणालीमा सुधार गरेका थिए। उनले जग्गालाई तीन भागमा विभाजन गरी बिस मुरी माटाको अब्बल जग्गामा रु.४, दोयममा रु.३, सिममा रु.२ का दरले मालपोत निर्धारण गरेका थिए।
- भीमसेन थापाले भूमिको वैज्ञानिक किसिमले नापी गराएर मालपोत सङ्कलनलाई व्यवस्थित गराएका थिए।
- भीमसेन थापाले पहाड र तराईको बाँझो जग्गालाई खेतीयोग्य बनाउन किसानहरूलाई प्रोत्साहन गरेका थिए।
- राणाशासनकालमा नेपालको बाह्य व्यापार भारत र तिब्बतसँग हुन्थ्यो।
- हालको कर प्रणाली मिश्रित छ, जसमा प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रकारका कर समावेश छन्।

कानून सम्बन्धी जानकारी

- जङ्गबहादुरले युरोप भ्रमणबाट फर्केपछि कानुनी शासन गर्नुपर्ने रहेछ भन्ने बुझेर वि.सं. १९१० मा मुलुकी ऐन जारी गरे।
- एकीकरणपछि नेपालको शासन व्यवस्थामा अपराध गर्नेलाई मृत्युदण्ड, जेल सजाय हुन्थ्यो।
- वि.सं. २००४ सालमा पद्मसमसेरले वैधानिक कानुन निर्माण गरी संवैधानिक शासन पद्धतिको सुरुवात गर्न खोजे पनि त्यो लागु हुन सकेन।
- नेपालमा प्रजातन्त्र प्राप्तिपछि वि.सं. २००७ सालमा नेपालको अन्तरिम शासन विधान जारी भयो।
- पछिल्लो समयको सबैभन्दा ठूलो उपलब्धि नेपालको संविधान हो। जसले नेपाल र नेपाली जनताको राजनीतिक, कानुनी, आर्थिक तथा सामाजिक गन्तव्यको मार्गदर्शन गर्दछ।
- वि.सं. २०४६ पछि सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत रहने व्यवस्था भयो। जनताको मौलिक हक हनन भएमा कानुनी उपचार पाउने संवैधानिक हकको व्यवस्था गरियो।

Century
Page: 7 Date:

CamScanner

- हाल सङ्घीय शासन प्रणालीअन्तर्गत न्यायिक निरुपणका लागि स्थानीय तहमा न्यायिक समिति, जिल्लामा जिल्ला अदालत, प्रदेशमा उच्च अदालत र सङ्घमा सर्वोच्च अदालत रहने व्यवस्था छ।

संस्कृति र कला।

- शाहकालमा हिन्दू, बौद्ध, किरात, इस्लाम, जैन र शिख धर्म प्रचलनमा थिए। नेपालमा पहिले देखि नै धार्मिक सहिष्णुता कायम थियो। राजाहरु हिन्दू धर्मावलम्बी तथा आर्य संस्कृतिका अनुयायी थिए।
- नेपाली समाज हिन्दू वर्णाश्रम धर्ममा आधारित थियो। जातप्रथा, छुवाछूत, कोक्सी, सती, दास जस्ता कुप्रथाहरु कानुनी मान्यतासहित प्रचलनमा थिए। यसको अन्त्य गर्न राजेन्द्रलक्ष्मी र जङ्गबहादुरले पनि प्रयत्न गरेका थिए तर सम्भव भएन।
- वि.सं. १९८१ मा चन्द्रसम्सेरले टुडीखेलको जनसभामा दास प्रथा उन्मूलनको घोषणा गरी मानिसलाई किनबेच गरेर निःशुल्क काममा लगाउने अमानवीय कुप्रथाको पनि अन्त्य भयो।
- परम्परादेखि नै नेपालमा प्रचलित जाति, धर्म र क्षेत्रअनुसारका चाडपर्व, जात्रा, नाच गान, भेषभूषाको प्रचलन नेपालमा रहेको पाइन्छ।
- नेपालमा परम्परागत वास्तुकला, मूर्तिकला र सङ्गीतकलाले निरन्तरता पाएको थियो। पृथ्वीनारायण शाहले हनुमान ढोकामा र नुवाकोट दरबार नेपाली परम्परागत शैलीमा नै बनाउन लगाएका थिए।
- वि.सं. २००७ सालमा रेडियो नेपालको सुरुआत भएपछि भने नेपाली गीत सङ्गीतको पुनः उत्थान भएको देखिन्छ।
- पञ्चायत कालमा स्थापना भएका नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान र सांस्कृतिक संस्थाले पनि नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण र संवर्धनमा योगदान दिएको देखिन्छ।

Century
Page 7 Date

# मध्यकालीन आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था

## १) आर्थिक अवस्था :

- मध्यकालीन नेपालको मुख्य आर्थिक गतिविधि कृषि थियो। जग्गालाई अब्बल, दोयम, सिम र चाहार गरी चार वर्गमा विभाजन गरिएको थियो।
- मठ, मन्दिरको पूजाआजा, देवताको जात्रा सञ्चालन गर्ने र कुनै सामाजिक संस्कार सञ्चालन गर्नका लागि राज्यले छुट्याएको जग्गालाई गुठी जग्गा भनिन्थ्यो। किसानले उब्जाएको केही प्रतिशत उत्पादन गुठीमा बुझाउनुपर्थ्यो।
- कृषिका साथमा पशुपालन व्यवसाय पनि गरिन्थ्यो।
- मध्यकालमा प्रशस्त मात्रामा कपडा उद्योगहरू थिए। उपत्यकामा बनेका कपडा उपत्यका बाहिरका राज्यहरूमा निर्यात हुन्थ्यो।
- उपत्यकामा धातु उद्योग पनि निकै फस्टाएको थियो। भाँडाकुँडा, मूर्तिहरू बनाउने गरिन्थ्यो, सुन, चाँदीका भाँडा तथा गरगहनाहरू पनि उत्पादन गरिन्थ्यो। यस्ता भाँडाकुँडा र गरगहना निर्यात पनि गरिन्थ्यो।
- नेपालले भारततर्फ कस्तुरी, ऊन, छाला, जडीबुटी, धातुका सामग्री निर्यात गर्थ्यो भने गहनाहरू, चुरा, पोते, जुत्ताहरू आयात गर्थ्यो।
- राजस्वको मुख्य स्रोत भन्सार कर नै थियो।

## २) सामाजिक अवस्था :

- मध्यकालमा नेपालको सामाजिक अवस्था हिन्दू र बौद्ध धर्म परम्परामा आधारित थियो। समाजमा चार वर्ण र छत्तिस जातिहरू थिए। उनीहरूको जातका आधारमा पेसा तोकिएको हुन्थ्यो।
- सो जात परम्परा अझै पनि नेवारी समुदायमा रहेको पाइन्छ। यसैबाट नेपालमा जातिगत भेदभाव र छुवाछूतले जरा गाड्ने मौका पाएको देखिन्छ।
- संयुक्त परिवार प्रणाली प्रचलित थियो र परिवारको नेतृत्व प्रायः पुरुषले गर्थे।
- कला, संगीत, नृत्य र वास्तुकलामा समाजको रुचि धेरै थियो, जसले सांस्कृतिक जीवनलाई समृद्ध बनाएको थियो।
- गुरुकुलमार्फत शिक्षा प्रदान गरिन्थ्यो, जहाँ धर्म, संस्कृति, कला र शास्त्र पढाइन्थ्यो।

CamScanner

२) संस्कृति र कला : (मध्यकालीन नेपालको इतिहासलाई कला र संस्कृतिको स्वर्ण युग मानिन्छ।)

- मध्यकालका बेलामा संस्कारमा न्वारान, अन्नप्राशन, चूडाकर्म, विवाह जस्ता संस्कारहरु कायम थिए। मृत्यु संस्कारमा बाजा बजाउने चलन थियो जुन नेवारी समुदायमा अझपनि छदैछ।
- बहुविवाह, बालविवाह र सतीप्रथा जस्ता कुरीतिहरुका कारण नारीहरु उत्पीडित थिए। विधवा विवाह र झोराजी प्रथा कायम थियो।
- चाडपर्वहरुमा दसैं, तिहार, मह्पूजा, गाईजात्रा, इन्द्रजात्रा, बालाचर्तुदशी आदि प्रचलनमा थिए।
- गोदावरीको बाह्रवर्षे मेलाको सुरुआत पनि मध्यकालमा नै भएको मानिन्छ।
- मध्यकालमा सङ्गीतकला, मूर्तिकला, चित्रकला र वास्तुकलाको राम्रो विकास भएको थियो। हनुमानढोका, भक्तपुरका, दरबार क्षेत्रका मध्यकालीन वास्तुकला, मूर्तिकला, धातुकलाका उत्कृष्ट नमुना आज पनि देख्न सकिन्छ।
- चोकहरुमा बाजा बजाउने, गीत गाउने, नाच्ने गर्ने गरिन्थ्यो। ती नाच्ने गीतहरु, हिन्दू धार्मिक ग्रन्थहरु रामायण, महाभारत, आदिका कथामा आधारित हुन्थे।
- बटुवाका लागि सुस्ताउन र बास बस्नका लागि पाटी, पौवाको व्यवस्था गरिएको हुन्थ्यो।
- धार्मिक विकास : हिन्दु, बौद्ध र जनजातिय धर्महरुको समृद्धि भएको काल हो। मठ गुम्बा, स्तूप, मन्दिर जस्ता धार्मिक संरचनाहरु धेरै बनेका थिए।

Century Page: 7 Date:

* पृथ्वीनारायण शाहदेखि राणाकालको अन्त्य (वि.सं. २००७) सम्म भएका प्रमुख घटनाहरूले नेपाली समाजमा परेका राम्रा र नराम्रा प्रभावहरू:-
समाजमा परेका राम्रा (सकारात्मक) प्रभावहरू :

- राष्ट्र एकीकरण : पृथ्वीनारायण शाहले विखण्डित राज्यहरूलाई एकीकृत गरेर आधुनिक नेपालको आधार तयार गरे।
- राष्ट्र पहिचानको विकास : एउटै झण्डा, एउटै शासन र एउटै राष्ट्रको भावना विकास भयो।
- शान्ति र सुरक्षामा वृद्धि :
  स-साना राज्यबीचको युद्ध अन्त्य भई आन्तरिक शान्ति बढ्यो।
- प्रशासनिक प्रणालीको विकास :
  केन्द्रबाट शासन चलाउने प्रणाली सुरु भयो, जसले राज्य सञ्चालन सजिलो बनायो।
- आधुनिक शिक्षाको सुरुआत :
  राणाकालमा दरबार स्कुल र केही विद्यालय खोले, जसले आधुनिक शिक्षाको सुरुआत गर्‍यो।

* समाजमा परेका नराम्रा (नकारात्मक) प्रभावहरू:

- निरंकुश शासन : शाह र राणा शासकहरूले जनताको अधिकार खोसेर आफूखुसी शासन गरे।
- जातीय तथा वर्गीय विभेद : समाज उच्च-निम्न जात र धनी-गरिबमा भन्न-विभाजित भयो।
- शिक्षा जनतासम्म नपुग्नु :
  शिक्षा राणा र उच्चवर्गमा मात्र सीमित रह्यो।
- आर्थिक शोषण :
  जनता भारी करले पीडित भए।
- विकासमा अवरोध :
  सडक, उद्योग, स्वास्थ्य जस्ता क्षेत्रको विकास निकै ढिलो भयो।

* सङ्क्रमणकालीन अवधि (वि.सं. २००७ देखि २०१७) सम्ममा भएका घटनाले समाजमा परेका राम्रा तथा नराम्रा प्रभावहरू :
समाजमा परेका राम्रा (सकारात्मक) पक्षहरू

- प्रजातन्त्रको स्थापना (२००७) : राणाशासन अन्त्य भई जनताले अधिकार पाउने व्यवस्था सुरु भयो।

- नागरिक अधिकारको विस्तार : बोल्न, लेख्न र संगठन बनाउन स्वतन्त्रता प्राप्त भयो
- राजनीतिक चेतनाको विकास : जनतामा राजनीति र अधिकारबारे जागरूकता बढ्यो।
- नयाँ संविधान निर्माण (२०१५) :- नेपालमा पहिलो लिखित संविधान जारी भयो।
- शिक्षा र सञ्चारको विस्तार : विद्यालय, पत्रपत्रिका र रेडियोको विकास हुन थाल्यो।
- व्यापारमा अन्तराष्ट्रियकरण भयो।

समाजमा परेका नराम्रो (नकारात्मक) पक्षहरू :
- राजनीतिक अस्थिरता : सरकार बारम्बार परिवर्तन हुँदा देश अस्थिर बढ्यो।
- राजा र राजनीतिक दलबीच द्वन्द : शासन शक्तिको लागि संघर्ष चलिरह्यो।
- विकास कार्य अवरुद्ध : अस्थिरताले विकास योजनाहरू सफल हुन सकेनन्।
- कानुन तथा प्रशासन कमजोर हुनु : सरकार स्थिर नहुँदा कानुन पालना र सुशासन प्रभावकारी हुन सकेन।
- प्रजातन्त्र आए पनि जनताले सोचेको जस्तो आर्थिक र सामाजिक विकास हुन सकेन
-

दलविहिन र निरंकुश शासन प्रणाली हो।
* पञ्चायत काल (वि.सं. २०१७ देखि २०४६ सम्म)

(राम्रो पक्ष) → राजनीतिक स्थिरता : लामो समयसम्म एउटै शासन प्रणाली रहँदा देशमा स्थिरता आयो।
- भौतिक पूर्वाधारको विकास : सडक, पुल, विमानस्थल जस्ता विकासका काम सुरु भए।
- शिक्षा र स्वास्थ्य सेवाको विस्तार : विद्यालय, क्याम्पस र अस्पतालहरू खुले।
- योजना प्रणालीको सुरुवात : पञ्चवर्षीय योजनामार्फत विकास योजनाबद्ध रूपमा अघि बढाइयो।
- यस समयमा समाजमा रहेका विभिन्न कुप्रथाहरूको अन्त्य गरियो, जसले समाज सुधारमा सहयोग गर्‍यो।

(नराम्रा पक्ष) - दलविहिन निरङ्कुश शासन: राजनीतिक दलहरू माथि प्रतिबन्धित भए, जनताको अधिकार सीमित गरियो।

- अभिव्यक्ति स्वतन्त्रताको दमन: बोल्न, लेख्न र संगठन बनाउन स्वतन्त्रता थिएन।
- भ्रष्टाचार र सत्ता दुरुपयोग।
- जनताको सहभागिता नहुनु: शासन सञ्चालनमा आम जनताको भूमिका कमजोर रह्यो।
- लोकतान्त्रिक चेतनाको दबाब: जनताको चाहना दबाइरहेकाले अन्ततः २०४६ को जनआन्दोलन भयो।

जनताले मत दिएर छानेर दलमध्ये सरकार छान्ने व्यवस्था हो।

* बहुदलीय लोकतन्त्र (वि.सं. २०४६ देखि २०६३ सम्म)

(राम्रा पक्ष) - जनतामा सर्वभौमिक अधिकार सुनिश्चित हुनु: जनताले मताधिकार प्रयोग गरी सरकार छान्ने अधिकार पाए।

- राजनीतिक चेतना बढ्नु: जनतामा अधिकार, संविधान र लोकतन्त्रबारे जागरूकता बढ्यो।
- नयाँ संविधान २०४६ जारी हुनु: मौलिक हकसहितको प्रजातान्त्रिक संविधान लागू भयो।
- शिक्षा, सञ्चार र मानवअधिकारको विकास।
- बहुदलीय लोकतन्त्रपछि बोल्ने, लेख्ने, संगठन बनाउने जस्ता स्वतन्त्रताहरूको विकास।

(नराम्रा पक्ष) - राजनीतिक अस्थिरता: सरकार बारम्बार फेरिदा नीति र विकासमा असर पर्‍यो।

- भ्रष्टाचार बढ्नु: नेताहरू र कर्मचारीहरूमा भ्रष्टाचार फैलियो।
- दलबीचको झगडा र सत्ता संघर्ष।
- ग्रामीण विकासमा असमानता।
- वि.सं. २०५८ जेठ १९ गते नारायणहिटी दरबारमा हत्या काण्ड भयो। यो काण्डमा राजा वीरेन्द्र र उनको सम्पूर्ण परिवारको हत्या भयो। यस्ता घटनाले देशमा अस्थिरता भयो र राजनीतिक संकट बढायो।

* दोस्रो संक्रमणकालीन अवधि (वि.सं. २०६३ देखि २०७२ सम्म)

(राम्रा पक्ष) - संविधान सभा र नयाँ संविधान निर्माण (वि.सं. २०७२): पहिलो पटक सबै नागरिकलाई प्रतिनिधित्व गर्ने संविधान जारी भयो।

- राजनीतिक स्थिरता र लोकतन्त्रको मजबुती: बहुदलीय प्रणाली जारी रहँदै लोकतान्त्रिक प्रक्रिया बलियो भयो।

- माओवादीसँग शान्ति सम्झौता पनि सत्तामा आए जसले गणतन्त्रको स्थापना मजबुत बनायो।
- राजतन्त्रको अन्त्य भई गणतन्त्रको सुरुवात भयो।
- जनताको सहभागिता बढ्न: निर्वाचनमार्फत जनताले सरकार छान्ने प्रक्रिया निरन्तर रह्यो।
- संविधानमा सबैको समान अधिकार र समावेशिता सुनिश्चित (ensured) भयो।
- सामाजिक जागरुकता र नागरिक अधिकारको विकास: मानव अधिकार, महिला अधिकार र बाल अधिकारको संरक्षण बढ्यो।

(नकारात्मक पक्ष) सरकार बारम्बार परिवर्तन हुँदा नीति कार्यान्वयन प्रभावित भयो।
- सशस्त्र द्वन्द्वको असर र शान्ति प्रक्रिया चुनौतीपूर्ण हुनु: माओवादी पार्टी र सरकारबीचको द्वन्द्वले शान्ति स्थापना ढिला गर्‍यो।
- भ्रष्टाचार र प्रशासनिक कमजोरी: नीति र विकास कार्य प्रभावकारी रूपमा लागु हुन सकेन।
- महत्त्वपूर्ण विकास योजनामा ढिलाइ।
- जनताको अपेक्षा पूरा हुन नसक्नु: गणतन्त्र आए पनि जनताले सोचेको जस्तो रोजगारी, शिक्षा र आधारभूत सेवा तत्काल प्राप्त हुन सकेन।

* सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक काल (वि.सं. २०६२ देखि हालसम्म)

(सकारात्मक पक्ष)- देशलाई प्रदेश र स्थानीय तहमा विभाजन गरी स्थानीय शासन र विकास सुनिश्चित भयो।
- लोकतन्त्र र जनअधिकारको विकास: निर्वाचनमार्फत सरकार चयन, अभिव्यक्ति स्वतन्त्रता र मानव अधिकार सुनिश्चित भए।
- नयाँ संविधान कार्यान्वयन: वि.सं. २०७२ मा जारी संविधानलाई कार्यान्वयन गर्दै कानुनी व्यवस्था बलियो भयो।
- सामाजिक सुधार र सेवा वितरण: स्वास्थ्य, शिक्षा, सडक जस्ता आधारभूत सेवाको पहुँच सुधार भयो।

(नकारात्मक पक्ष)- राजनीतिक अस्थिरता अझै कायम: सरकार बारम्बार फेरबदल हुँदा नीति र विकास कार्यमा ढिलाइ भयो।
- भ्रष्टाचार र प्रशासनिक कमजोरी। भ्रष्टाचारका कारण जेनजी पुस्ताको आन्दोलन पनि भयो जसले ठूलो राजनीतिक/सामाजिक प्रभाव पार्‍यो।
- विकासमा ढिलाइ र असमानता:- ग्रामीण क्षेत्रमा विकास तथा सेवा वितरण अझै अपर्याप्त छ।

- सामाजिक विभाजन र असहमति :
जात, क्षेत्र र वर्गका आधारमा असमानता र राजनीति विवाद अझै जारी छ।

* लिच्छवि काललाई नेपालको इतिहासमा स्वर्णकाल भनी चित्रित गरिन्छ किन? उक्त अवधिका के कस्ता पक्षहरू वर्तमान नेपालमा समेत प्रयोग रहेका छन्?
→ लिच्छवि काल (ई. सं. करिब ४००-८७९) लाई नेपालको इतिहासमा "स्वर्णकाल" भनिन्छ। किनकि यस अवधिमा राजनीति, प्रशासन, अर्थतन्त्र, धर्म-संस्कृति र कला-वास्तुकलामा अत्यन्तै कला प्रगति भयो।
सुदृढ शासन व्यवस्था, कानुन र न्यायको विकास, आर्थिक समृद्धि, धार्मिक सहिष्णुता, आकर्षक कलाकृतिको निर्माण र लिखित अभिलेखहरू भेटिएका कारण लिच्छवि काललाई स्वर्णयुग भनिन्छ।

लिच्छवि कालका कुन-कुन पक्ष आज पनि प्रयोग छन्- भने कानुन र लिखित अभिलेखको परम्परा, भूमि र कर व्यवस्था, धार्मिक सहिष्णुता कला र वास्तुकला संस्कार, र सामाजिक चलन, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने परम्परा आज पनि देखिन्छ।

* नेपाल मण्डलको अन्तिम राजाको नाम उल्लेख गर्नुहोस्।
→ नेपाल मण्डल (मल्लकालीन काठमाडौं उपत्यका) का अन्तिम राजा जयप्रकाश मल्ल हुन्।

* 'डोलाजी' प्रथा भनेको के हो?
→ छोरीलाई आफ्नो घर पठाउनुको सट्टा ज्वाईलाई नै छोरीको घरमा राख्ने सँधै थर, गोत्र समेत क्याक्ने धारण गर्ने (घर ज्वाई) प्रचलनलाई डोलाजी प्रथा भनिन्छ।

* जग्गा बिर्ता प्रथा भनेको के हो?
→ कसैले राज्य वा राजाको सेवा गरेबापत पुरस्कार स्वरूप पाउने जग्गाको स्वामित्वलाई जग्गामा बिर्ता प्रथा भनिन्छ।

(O)* वर्तमान नेपाली संस्कृतिमा प्राचीन र मध्यकालीन इतिहासको प्रभाव देख्न सकिन्छ। कसरी? लेख्नुहोस्।

→ वर्तमान नेपाली संस्कृतिमा प्राचीन र मध्यकालीन इतिहासको प्रभाव यसरी देख्न सकिन्छ :

1) धार्मिक र सांस्कृतिक परम्परा : दशैं, तिहार, छठ र जातीय चाडपर्व जस्ता परम्परा हरू प्राचिन र मध्यकालीन समयमा सुरु भएका हुन्।

2) भाषा र साहित्य : संस्कृत, नेवारी, तिब्बती भाषामा लेखिएका ग्रन्थहरूले आधुनिक नेपाली भाषा र साहित्यमा प्रभाव पारेको छ।

3) कला र वास्तुकला : मन्दिर, स्तूप, दरबार, मुर्तिकला शैली मध्यकालीन कलाबाट प्रभावित छ।

4) सामाजिक संरचना : थर, गोत्र, जातीय परम्परा, स्थानीय प्रशासन प्रणाली प्राचीन र मध्यकालीन व्यवस्थासँग सम्बन्धित छ।

5) शिक्षा र ज्ञानको परम्परा : प्राचीन विद्यालय र मठ-गुम्बामा सुरु भएका शिक्षा र अध्ययनको परम्परा आजका पाठशाला र विश्वविद्यालय पनि देखिन्छ।

* दिव्योपदेश को अर्थ के हो?

→ दिव्योपदेश भनेको कुनै ~~पवि~~-पवित्र वा शिक्षाप्रद उद्देश्यका लागि अन्तिम समयमा दिइएको उपदेश हो, जस्तै पृथ्वीनारायण शाहले आफ्नो राज्यको एकीकरण र प्रशासनका लागि दिएका उपदेश।

* नेपालको इतिहासमा आधुनिक कालखण्डको समयावधि उल्लेख गर्नुहोस्।

→ नेपालको इतिहासमा आधुनिक कालखण्डको समयावधि पृथ्वीनारायण शाहको शासनदेखि २०४६ सालको जनआन्दोलनसम्म मानिन्छ।

(O)* नेपाल-अङ्ग्रेज युद्ध (वि.सं. १८७१-१८७२) नेपालको तात्कालीन राजनीतिक परिस्थितिको उपज हो।' समीक्षा गर्नुहोस्।

→ नेपाल-अङ्ग्रेज युद्ध नेपालको त्यो समयको राजनीतिक स्थितिकै कारण भयो।

- नेपालले एकीकरणपछि आफ्नो सिमा फैलायो र साना राज्यहरूमा नियन्त्रण जमायो।
- यसले भारतमा बस्दै आएका अङ्ग्रेजलाई खतरा जस्तो देखियो।
- सिमाना विवाद र सेनाको भिडन्तले युद्ध भएर समाप्त भयो।

CS CamScanner

८. 'पृथ्वीनारायण शाह एक महत्वाकाङ्क्षी र दूरदर्शी राजा थिए।' उनका कार्यका आधारमा मूल्याङ्कन गर्नुहोस्।

→ पृथ्वीनारायण शाह एक महत्वाकाङ्क्षी र दूरदर्शी राजा थिए। उनले नेपाल लाई साना राज्यहरूबाट एकीकृत गरेर ठूलो राष्ट्र बनाउने सपना देखे। आफ्नो सैन्य रणनीति र कूटनीति प्रयोग गरेर उपत्यकाका प्रमुख राज्यहरू (कान्तिपुर, ललितपुर, भक्तपुर) विजय गरे। उनले भविष्यको ख्याल गर्दै सुरक्षा, व्यापार र राष्ट्रिय एकता सुनिश्चित गर्न नीति बनाए।

उनको महत्वाकाङ्क्षी र दूरदर्शिताले नेपालको राजनीतिक एकता र बलियो राष्ट्रको आधार तयार गर्‍यो।

→ भविष्यलाई विचार गरेर निर्णय गर्ने।

९. पृथ्वीनारायण शाह दूरदर्शी राजा थिए। नेपाल एकीकरणको सन्दर्भमा उनको योजनाबाट प्रस्ट पार्नुहोस्।

→ पृथ्वीनारायण शाह दूरदर्शी राजा भनिनुको मुख्य कारण उनको नेपाल एकीकरण सम्बन्धि स्पष्ट, दीर्घकालीन र व्यवहारिक योजना हो। उनको योजनाबाट उनको दूरदृष्टि यसरी प्रस्ट हुन्छ :-

१) काठमाडौं उपत्यका कब्जा गर्ने रणनीति:
पृथ्वीनारायण शाहले नेपाल एकीकरणका लागि पहिले काठमाडौं उपत्यका जित्नुपर्ने ठाने। किनकि यो राजनीतिक, आर्थिक र व्यापारिक केन्द्र थियो। उपत्यका कब्जा गरेपछि वरिपरिका राज्यहरू सजिलै नियन्त्रणमा आउँछन् भन्ने उनको सोच थियो।

२) नाकाबन्दी र आर्थिक युद्ध:
सिधै युद्ध गर्नु अघि उनले उपत्यकालाई नाकाबन्दी गरी रसद, व्यापार रोक्ने नीति अपनाए। यसले मल्ल राजाहरूलाई कमजोर बनायो।

३) कूटनीतिक सम्बन्ध र मित्रता:
उनले लमजुङ, तनहुँजस्ता राज्यहरूसँग मैत्री सम्बन्ध राखी आफूलाई सुरक्षित बनाउँदै विस्तार गरे।

४) अङ्ग्रेजको खतरा पहिचान :-
उनले भारतमा फैलिँदै गरेको अङ्ग्रेज शक्तिलाई ठूलो खतरा ठाने। त्यसैले साना-साना राज्यहरूलाई एक बनाई मजबुत नेपाल बनाउन चाहन्थे। यही सोचबाट "नेपाल चार जात छत्तीस वर्णको फूलबारी हो" भन्ने राष्ट्रिय भावना विकास गरियो।

५) दिव्योपदेशमार्फत भविष्यको मार्गदर्शन:

उनले आफ्नो अन्तिम समयमा दिएको दिव्योपदेशमा विदेशी हस्तक्षेपबाट जोगिन, आत्मनिर्भर बन्न र राष्ट्रिय एकता कायम गर्न सुझाव दिएका छन्। यसले उनको दूरदृष्टि केवल एकीकरणसम्म सीमित नभई भविष्यको नेपाल प्रति पनि केन्द्रित थियो भन्ने देखाउँछ।

* पृथ्वीनारायण शाहको मृत्युपछि भएको नेपाल एकीकरणका प्रयासहरूको छोटकरीमा चर्चा गर्नुहोस्।

→ पृथ्वीनारायण शाहको मृत्युपछि पनि नेपाल एकीकरण अभियान रोकिएन। उनको मृत्युपछि उनका जेठा छोरा प्रतापसिंह शाहले नेपाल एकीकरणलाई अघि बढाए। उनका पालामा चितवनको कविलासपुर र सोमेश्वर गढीमा आक्रमण गरी नेपाल राज्यमा मिलाइयो। प्रतापसिंह शाहले जम्मा दुई वर्ष दश महिना मात्र शासन गरे। २६ वर्षको उमेरमा उनको मृत्यु भयो। त्यसपछि उनका अढाइ वर्षका नाबालक छोरा रणबहादुर शाह राजा भए। नाबालकले शासन गर्न नसकेपछि रणबहादुर शाहका काका बहादुर शाह र आमा राजेन्द्रलक्ष्मीले संयुक्त रूपमा राज्य गरे। बहादुर शाह भाउजू राजेन्द्रलक्ष्मीको मृत्युपछि नाबालक भतिज रणबहादुर शाहको नायब भई शासन गर्न थाले। उनका पालामा पनि नेपालको धेरै भूभागको एकीकरण गरिएको थियो। बहादुर शाहले नेपालको पश्चिम-तर्फको धेरै भू-भाग नेपालमा मिलाएका थिए। उनले पाल्पा जस्तो शक्तिशाली राज्यसँग लड्नुभन्दा आफ्नो पक्षमा मिलाएर सहयोग लिने नीति लिए। यसका लागि उनले पाल्पाली राजकुमारीसँग विवाह गरे।

त्यसपछि पश्चिम नेपाल एकीकरण गर्दा पाल्पा चुप बस्यो। बाँकी राज्य एकीकरण अभियानमा केन्द्रित हुन पनि सजिलो भयो र बहादुर शाहको मृत्युपछि रणबहादुर शाहले पूर्ण रूपमा शासन चलाउन थाले। उनका पालामा पनि एकीकरणका केही अभियान सञ्चालन भएका थिए। रणबहादुर शाहको पालामा गढवाललाई नेपालमा मिलाएर नेपालको सिमाना पश्चिममा सतलज नदीसम्म पुग्यो। भीमसेन थापाका पिता अमरसिंह थापाले पाल्पा विजय गरे। यसरी नेपालको सिमाना पूर्वमा टिस्टा नदीदेखि पश्चिममा सतलज नदी सम्म पुगेपछि नेपाल एकीकरण अभियान टुङ्गियो।

Century
Page: 7 Date:

* नेपालमा राणा शासनको सुरुवात र ~~अन्त्य~~ अन्त्य कहिले भयो?
-> नेपालमा वि.सं. १९०३ देखि वि.सं. २००७ सम्म राणा शासन भयो।

* नेपालमा विस्तृत शान्ति सम्झौता कहिले भयो र त्यसले के कुराको अन्त्य गर्‍यो?
-> वि.सं. २०६३ मङ्सिर ५ मा नेकपा माओवादी दल र सरकार बिच विस्तृत शान्ति सम्झौता भयो र सशस्त्र सङ्घर्षको अन्त्य भयो।

* नेपालमा दिल्ली सम्झौता कहिले भयो र त्यसले के कुराको अन्त्य गर्‍यो?
-> नेपालमा वि.स. २००७ सालमा दिल्ली सम्झौता भयो र राणाशासन सदाका लागि अन्त्य भयो।

* नेपालको राणाकालीन राजनीतिक अवस्था प्रजातान्त्रिक मूल्यमान्यता विपरीत भए तापनि देशको शैक्षिक, कानुनी र सामाजिक क्षेत्रमा सकारात्मक सुधारको थालनी भएको थियो।
यसप्रति तपाईंको धारणा ५ बुँदामा लेख्नुहोस्।
-> राणाकाल (वि.सं. १९०३-२००७) राजनीतिक रूपमा निरंकुश भए पनि केही क्षेत्रमा सुधारको सुरुआत भएको थियो। यसमा मेरो धारणा यसप्रकार रहेको छ;
- शिक्षाको सुरुआत:
राणाकालमै दरबार हाईस्कुल, त्रिचन्द्र कलेज जस्ता विद्यालय-कलेज खुले, जसले आधुनिक शिक्षाको ढोका खोल्यो।
- कानुनी संहिताको विकास:
वि.सं. १९१० मा मुलुकी ऐन जारी भयो, जसले देशभर एउटै कानुनी व्यवस्था लागु गर्‍यो र न्यायिक प्रणालीलाई व्यवस्थित बनायो।
- आधुनिक प्रशासनको थालनी: सरकारी कार्यालय, रेकर्ड राख्ने प्रणाली, कर्मचारी संरचना जस्ता आधुनिक प्रशासनिक अभ्यास सुरु भए।
- सती प्रथा अन्त्य, केही मानव अधिकारसम्बन्धी सुधारले समाजमा सकारात्मक सन्देश दियो।
- आधारभूत पूर्वाधार विकास: सडक, पुल, अस्पताल, सञ्चारजस्ता क्षेत्रमा प्रारम्भिक विकास भयो, जसले देशको आधुनिकिकरण तर्फ बाटो खोल्यो।
त्यसैले, राणाकाल राजनीतिक रूपमा प्रजातन्त्र विरोधी भए पनि शिक्षा,

कानून र सामाजिक क्षेत्रमा सुधारको आधार तयार भएको मान्न सकिन्छ।

(प्रश्न ५) नेपालको राजनीतिक व्यवस्थामा पञ्चायतकाल प्रजातान्त्रिक मूल्यमान्यता प्रति अनुदार भए पनि यस अवधिमा भएका आर्थिक सामाजिक उपलब्धिहरु समीक्षा गर्नुहोस्।

→ पञ्चायत काल (वि.सं. २०१७-२०४६) राजनीतिक रूपमा दलविहीन र प्रजातन्त्र विरोधी भए पनि यस अवधिमा केही आर्थिक र सामाजिक उपलब्धिहरु देखिएका छन्। ती यसरी समीक्षा गर्न सकिन्छ:

१) पूर्वाधार विकास : यस कालमा पूर्व-पश्चिम राजमार्ग, त्रिभुवन राजमार्ग, विमानस्थल जस्ता ठूला पूर्वाधार बने, जसले देशको भौतिक एकीकरण र व्यापारलाई सहज बनायो।

२) शिक्षा र स्वास्थ्यको विस्तार: गाउँ-गाउँमा विद्यालय खोलिए। स्वास्थ्य चौकी, अञ्चल अस्पताल जस्ता आधारभूत स्वास्थ्य सेवा फैलियो।

३) योजना र विकासको सुरुआत: पञ्चायत कालमै योजनाबद्ध विकास प्रणाली सुरु भयो। पञ्चवर्षीय योजनाहरू लागू गरिए, जसले कृषि, उद्योग र पर्यटनलाई प्राथमिकता दियो।

४) सामाजिक चेतनाको विकास:

साक्षरता अभियान, महिला शिक्षा र ग्रामीण विकास कार्यक्रमले समाजमा चेतना बढ्यो र परम्परागत सोचमा क्रमिक परिवर्तन आयो।

५) राष्ट्रिय पहिचान र एकीकरण : यस कालमा राष्ट्रिय एकता, नेपाली भाषा, झण्डा र प्रतीकहरूलाई संस्थागत गरियो, जसले राष्ट्रिय पहिचान बलियो बनायो।